


**anders.finna.fi**

LIBRARY

# Anders पुस्तकालय प्रयोगका सर्तहरू

यी प्रयोगका सर्तहरू Anders का सबै पुस्तकालयको हकमा 1 सेप्टेम्बर 2017 देखि लागू भएको हो । Anders सँग Halsua, Kannus, Kaustinen, Kokkola, Lestijärvi र Toholampi मा सार्वजनिक पुस्तकालय छन् ।

पुस्तकालय सेवा प्रयोग गर्दा, पुस्तकालय कार्ड प्राप्त गर्दा वा इनचार्जको रूपमा काम गर्दा तपाईं यी प्रयोगका सर्तहरू र भविष्यमा यिनका संशोधन गरियो भने सो संशोधनको पालना गर्न राजी हुनु हुन्छ ।

## यी पुस्तकालय सबैका लागि खुला छन्

सबै क्षेत्रमा रहेका Anders पुस्तकालय (अबदेखि पुस्तकालय भनिने) सबैका लागि खुला छन् । ग्राहक नियमावलीको पालना गर्ने जोकोहीले पुस्तकालय सेवा र सुविधा प्रयोग गर्न र पुस्तक लिएर जान पाउने छन् ।

पुस्तकालयमा निःशुल्क वाइ-फाइ सेवा उपलब्ध छ । यो नेटवर्क सुरक्षित नेटवर्क नभएकाले यो नेटवर्कको प्रयोग गर्ने ग्राहकहरूले नै आवश्यक हुन सक्ने सुरक्षाको प्रबन्ध गर्नु पर्ने छ । खुला नेटवर्क वा पुस्तकालयमा भएका उपकरणको प्रयोगबाट हुन सक्ने समस्या वा क्षतिका लागि पुस्तकालय जिम्मेवार हुने छैन ।

पुस्तकालयले विभिन्न कार्यक्रमको लागि आफ्नो भवन भाडामा दिने गर्छ । भाडा कति लाग्छ भन्ने बारेमा जानकारी प्रयोगका सर्तहरूको पूरक अंश "भुक्तानी" र पुस्तकालयको वेबसाइटमा दिइएको छ । पुस्तकालय सेवा निर्देशकसँग पुस्तकालय सेवालाई सम्बर्धन

गर्ने खालका कार्यक्रम र पुस्तकालयसँगको संयुक्त आयोजनामा हुने कार्यक्रमका लागि पुस्तकालय भवन निःशुल्क प्रयोग गर्न दिने अधिकार हुन्छ ।

## पुस्तकालय कार्ड र पिन कोड

पुस्तक घरमा लगेर पढ्न पुस्तकालय कार्डको आवश्यकता पर्छ । तपाईं आफ्नो परिचय पत्र, नाम, ठेगाना र परिचय पत्र संख्या उपलब्ध गराएर पुस्तकालय कार्ड प्राप्त गर्न सक्नुहुन्छ । तपाईंले उपलब्ध गराएको जानकारी पुस्तकालयको ग्राहक रजिस्टरमा प्रविष्टि गरिने छ । प्रत्येक व्यक्तिसँग डेटाबेसमा रहेको आफ्नो जानकारीको जाँच गर्ने अधिकार हुन्छ (Henkilötietolaki 523/1999, 10§) ।

15 वर्ष कमको वा अन्य कुनै कारणले अयोग्य व्यक्तिको हकमा कुनै वयस्क वा सामुदायिक प्रयोगकर्ता (विद्यालय, डे केयर सेन्टर, संस्था वा अन्य समुदाय) को ग्यारेन्टी चाहिने छ । ती वयस्कले आफ्नो फोटो भएको परिचय पत्र देखाउनु पर्छ र आफ्नो व्यक्तिगत पहिचान नम्बर र सम्पर्क जानकारी उपलब्ध गराउनु पर्ने छ ।

पुस्तकालय कार्ड एक व्यक्तिगत कागजात हो र उक्त कार्ड प्रयोग गरी लगिएका सबै सामग्रीको लागि यसका मालिक उत्तरदायी हुनु पर्छ । पहिलो पुस्तकालय कार्ड निःशुल्क हुन्छ । कार्ड हरायो, ठेगाना वा नाम परिवर्तन भयो भने चाँडोभन्दा चाँडो पुस्तकालयलाई जानकारी दिनु पर्छ । कार्ड हराएको रिपोर्ट गरिएको छैन भने उक्त कार्ड प्रयोग गरी अरू कसैले पुस्तक लगेको खण्डमा पनि सम्बन्धित कार्डका मालिकलाई नै उत्तरदायी ठहर्याइने छ ।

पुस्तकालय कार्ड र पिन कोड प्रयोग गरी वेब पुस्तकालयको प्रयोग गर्न सकिन्छ । पिन कोड प्राप्त गर्न आफ्नो पुस्तकालय कार्ड र परिचय पत्र पेस गर्नु पर्छ ।

## पुस्तकालयका पुस्तकहरूको प्रयोग, घर लग्ने र रिजर्भ गर्ने काम

पुस्तकालयबाट विद्युतीय र गैर-विद्युतीय सामग्री प्राप्त गर्न सकिन्छ । पुस्तकालय ती सामग्रीमा भएको कुरा, जानकारीको शुद्धताको लागि र सो जानकारीले ग्राहकलाई हानी पुर्याइहाल्यो भने सो हानिको लागि जवाफदेही हुने छैन ।

लग्न मिल्ने अवधि:

| | |
|---|---|
| पुस्तक | 28 दिन |
| अडियोबुक | 28 दिन |
| 30 भन्दा बढी रिजर्भेसन भएका पुस्तकहरू | 14 दिन |
| छोटो समय सीमा तोकिएका पुस्तकहरू | 14 दिन |

| | |
|---|---|
| म्यागाजिन, CD-ROM, CD, रेकर्ड, टेप | 14 दिन |
| DVD र BluRay | 14 दिन |

बुकमोबाइल, संस्थागत पुस्तकालय र गृह सेवाको हकमा विशेष अवधि निर्धारण गर्न सकिने छ ।

कुनै सामग्रीको नवीकरण पाँच पटकसम्म गर्न सकिने छ तर उक्त सामग्री रिजर्भ भएको हुनु हुँदैन । निश्चित प्रकारको सामग्रीको हकमा नवीकरणसम्बन्धी सीमा तोक्न सकिने छ । वैधानिक उमेर नपुगेका ग्राहकहरू फिल्म र गेमहरू लग्न पाउने छैनन् ।

सामग्री पुस्तकालय वा वेब पुस्तकालयमा रिजर्भ गर्न सकिने छ । रिजर्भ गरेको सामग्री उपलब्ध हुँदा, इमेल, म्यासेस वा पत्रबाट जानकारी दिइने छ । रिजर्भेसनका लागि शुल्क लाग्दैन । रिजर्भ गरिएका सामग्री उपलब्ध भएको सूचना पाएको मितिले 9 दिनभित्र सो सामग्री लिइसक्नु पर्ने छ ।  यसको नगरेका खण्डमा जरिवाना लाग्ने छ ।

कुनै सामग्री कुनै पुस्तकालयमा नभएको खण्डमा फिनल्याण्डका अरू पुस्तकालय वा विदेशी पुस्तकालयबाट उक्त सामग्री मगाउन सकिने छ । अन्तर-पुस्तकालय शुल्क र सो सामग्री लिन नआउँदा लाग्ने जरिवानाको जानकारी यो प्रयोगका सर्तहरूको पूरक अंश “भुक्तानी”  दिइएको छ ।

## तोकिएमा म्यादमा सामग्री फिर्ता ल्याउने

लगिएका सामग्रीहरू पुस्तकालय खुल्ने समयमा म्यादभन्दा अगाडि फिर्ता ल्याउनु पर्ने छ । म्याद कटेपछि जरिवाना लाग्न थाल्ने छ ।

सामग्री ग्राहकले आफ्नो जोखिममा फिर्ता दिनु पर्ने छ र मागेको खण्डमा सो बापत भर्पाई प्राप्त गर्न सकिन्छ । ड्रप बक्समा फिर्ता गर्दा ग्राहककै जोखिममा फिर्ता गरिनु पर्छ र यसरी फिर्ता गर्दा जुन दिन फिर्ता गरिएको हो त्यसको भोलिपल्ट फिर्ता भएको मानिने छ । म्याद सकिएपछि ड्रप बक्समा फिर्ता गरिएमा सामग्रीमा पनि जरिवाना लाग्ने छ ।

बालबालिका र किशोरकिशोरीको सामग्रीको हकमा जरिवाना लाग्ने छैन तर म्याद नाघ्यो भनेर स्मरण दिलाउन गरिने सञ्चारको खर्च भने लाग्ने छ ।

सामग्री लिएको भर्पाइमा सामग्री फिर्ता गर्ने अन्तिम म्याद उल्लेख गरिएको हुने छ । इमेलबाट पनि म्याद नाघेको रिमाइन्डर प्राप्त गर्न सक्ने छ ।  पुस्तकालयले म्याद नाघेको जानकारी दिने रिमाइन्डर पठाउने उत्तरदायित्व स्वीकार्दैन । पुस्तकालयले ग्राहकलाई म्याद नाघेको जानकारी दिने रिमाइन्डर पठाउने छ ।  यस बारेमा थप जानकारी पूरक अंश “भुक्तानी” मा दिइएको छ ।

## पुस्तकालय प्रयोगकर्ताको उत्तरदायित्वहरू

पुस्तकालयमा आउँदा प्रयोगकर्ताले अरू प्रयोगकर्ता वा पुस्तकालयका कर्मचारीलाई वाधा गर्ने छैनन् तथा पुस्तकालयको सुविधा र सुरक्षामा खलल पुर्याउने छैनन् । पुस्तकालयका प्रयोगकर्ताहरूले पुस्तकालयका सबै सामग्री हिफाजतका साथ प्रयोग गर्ने छन् ।

## निःशुल्क सेवा र शुल्क लाग्ने अवस्था

पुस्तकालयको आफ्नै सामग्री, मार्गदर्शन र परामर्श सेवाको प्रयोग र रिजर्भेसन निःशुल्क गर्न सकिने छ । म्याद सकिएपछि सामग्री फिर्ता दिएमा, रिजर्भ गरेका सामग्री लिन नआएमा, ग्राहकलाई सूचना पठाउने परेमा, अरू पुस्तकालयबाट सामग्री मगाउनु परेमा वा सामग्री हराएमा वा क्षति भएमा वा प्रिन्ट वा फोटोकपी गर्नु परेमा शुल्क लिइने छ । यससम्बन्धी जानकारी पूरक अंश “भुक्तानी” मा दिइएको छ ।

## सामग्री घरमा लग्न निषेध गर्न सकिने

माथि उल्लिखित शुल्क र जरिवाना ग्राहकको खातामा चढाइन्छ । यो रकम 10 युरोभन्दा बढी भयो भने सामग्री घरमा लग्न निषेध गर्न सकिने छ । म्याद सकिएपछि पनि बुझाउन नल्याएका सामग्री फिर्ता ल्याएपछि,  हराएको वा क्षति भएको सामग्रीको हकमा क्षतिपूर्ति दिएपछि र तिर्नु पर्ने सबै शुल्क तिरेपछि यो निषेध फुकुवा गर्न सकिने छ ।  Kokkola नगरको पुस्तकालयमा वर्षको एक पटक मार्च महिनामा कार्यालय खुल्ने पहिलो दिन बाँकी रकमको पूर्ण भुक्तानी गरिनु पर्छ ।

## पुस्तकालय प्रयोग गर्न निषेध

कुनै ग्राहकले बारम्बार पुस्तकालय सञ्चालनमा बाधा पुर्याउँछ, पुस्तकालयको सुरक्षामा खलल पुर्याउँछ वा पुस्तकालयको सम्पतीको क्षति गर्छ भने पुस्तकालय सेवा निर्देशक वा निजले तोकेको व्यक्तिले सो ग्राहकलाई निश्चित अवधि (बढीमा 30 दिन सम्म) का लागि पुस्तकालय प्रयोग गर्न निषेध गर्न सक्ने छन् ।  (Kirjastolaki 1492/2016, § 15).

यो निषेध लागू गर्नुअगाडि सम्बन्धित ग्राहकको कुरा पनि सुनिनु पर्छ र स्थानीय सरकारी अधिकारीले यो निषेधाज्ञाको सन्दर्भमा निर्णय गर्नु पर्छ । ती ग्राहकले स्थानीय शासन ऐनअनुसार यो निर्णयमा पुनर्विचार गर्नु पर्ने दाबी पेस गर्न सक्छन् ।